मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नगर कार्यपालिका बैठक

मिति : २०७७ कार्तिक २६ गते बुधवार

प्रस्तावहरु :

१. नगरपालिकाको नव निर्मित प्रशासकीय भवन उद्घाटन तथा कार्यलय संचालन सम्बन्धमा।

२. बहुवर्षिय योजना अन्तर्गत नगरपालिकाबाट ८,१० र १३ नं. वडा कार्यालय भवनहरु निर्माणको लागि कुल लागत रु. १ करोड ५० लाख मात्र छुट्याइएकोमा कुल रकम रु. ६ करोड ५५ लाख ९७ हजार ६८ पैसा ९० मात्र (भ्याट बाहेक) लाग्ने प्राविधिकको ला. इ. बाट पेश भएको हुँदा नपुग हुन आउने कुल रकम रु. ५ करोड ५ लाख ९७ हजार ६८ पैसा ९० मात्र को सुनिश्चितताको सम्बन्धमा ।

(क) वडा नं. ८ को कार्यालय भवन निर्माण - कुल लागत रु. २,३४,१४,६४४।४४ (भ्याट कन्टिन्जेन्सी बाहेक)

(ख) वडा नं. १० को कार्यालय भवन निर्माण - कुल लागत रु. १,९६,२८,३९३।४५ (भ्याट कन्टिन्जेन्सी बाहेक)

(ग) वडा नं. १३ को कार्यालय भवन निर्माण - कुल लागत रु. २,२५,५४,०३०।९९ (भ्याट कन्टिन्जेन्सी बाहेक)

३. भुकम्प भन्दा पहिले निर्माण भएका घरहरुको अभिलेखिकरण गर्ने सम्बन्धमा।

४. काठमाडौ महानगरसंग भगिनी सम्बन्ध सम्बन्धी।

५. ईलाका प्रहरी कार्यालयको लागि कार्यालय भवन रङ रोगन गर्नको लागि ल.इ.रु. १ लाख ४४ हजार पाँच सय (मिस्त्री ज्याला समेत) सहयोग सम्बन्धमा।

६. नेपाल पत्रकार महासंघ जिल्ला शाखा सिन्धुपाल्चोकबाट सुचना केन्द्र स्थापना गर्नको लागि रु. ३ लाख सहयोगको लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।

७. मे.न.पा. ४ थकनी अन्तर्गत १९ नं. डम्पिङलाई फुटवल मैदान बनाउन लागत अनुमान अनुसारको रकम रु. ६,९३,६९१।६३ उपलब्ध गराउन सुदर्शन खनाल समेतको निवेदन सम्बन्धमा।

८. महिला आत्मनिर्भरता केन्द्र मेलम्ची-११ सिन्धुपाल्चोकबाट संरक्षण गृह संचालनको लागि रकम रु ४,९०,८४५ (चार लाख नब्बेहजार आठसय पचास ) सहयोगको लागि प्रस्तावना सम्बन्धमा।

९. मे.न.पा. १० मा पर्ने बुकुने दलित बस्ती जाने मोटर बाटो मर्मत तथा स्तरोन्नति गर्न रकम माग सम्वन्धमा।

१०. न्यायिक समितिको रोहवरमा भएको निर्णय कार्यान्वयन गराईदिने सम्बन्धमा।

११. बागमती प्रदेश सरकारसँग मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रको लागि शब बाहन एम्बुलेन्स वा शब गृह मध्ये कुनै एक माग गर्ने सम्वन्धमा।

१२.नगरपालिकाका विभिन्न क्षेत्रहरुमा कोभिड १९ को जोखिम बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै वडाहरुबाट थप बजेट माग भए आएमा बजेट उपलब्ध गराउने सम्वन्धी।

१३.मे.न.पा. ९ स्थित जनता मा.वि. बाट SEE उर्तिण गरेको मान ब. तामाङको छोरी लक्ष्मी तामाङको आर्थिक अवस्था कमजोर भएकोले अध्ययनको लागि आर्थिक सहयोग माग सम्बन्धमा।

१४.मे.न.पा. १२ स्थित जालपादेवी मा.वि. बाहुनेपाटीको कृषि प्राविधिक शिक्षा बाली विज्ञान विषयको प्राविधिक फिल्ड प्रयोगशाला र संरचना निर्माण गर्न करिव ५० रोपनी खाली जग्गा हस्तान्तरण सम्बन्धी सिफारिस सम्बन्धमा।

१५. सामुदायिक विद्यालयमा अस्थायी प्रकृतिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ती सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धमा।

१६. मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको लागि नगर स्तरीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७७ सम्बन्धमा।

१७. मेलम्ची नगरपालिकाको अटो तथा ई-रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धमा।

१८.मेलम्ची नगरपालिकाको तालिम तथा बैठक सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धमा।

१९. मेलम्ची नगरपालिकाको नगरप्रहरी छनौट सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धमा।

२०.सेफ हाउस भवन निर्माण अनुमतिको लागि महिला आत्मनिर्भरता केन्द्रको अनुरोध सम्वन्धमा।

२१.मेलम्ची नगरपालिका र अन्तर्गत वडा कार्यालयमा रिक्त दरवन्दी पूर्तिको लागि लोक सेवा आयोगमा माग फाराम पठाउने सम्वन्धी।

२२.विविध अन्यः

क. वडा शिक्षा समिति र स्वास्थ्य व्यवस्थापन समिति लगायत वडाका अन्य कार्यहरुको सम्बन्धमा वडाध्यक्षहरुवाट प्रस्तुति ।

ख. रोजगार सेवा केन्द्रको पुरानो कार्यविधि खारेज भई नयाँ कार्यविधि जारी भएको सम्बन्धमा जानकारी।

<u>निर्णयहरुः</u>

१. मेलम्ची नगरपालिकाको नवनिर्मित भवनमा कार्यालय सार्नको लागि २०७७।०८।०४ गते गृह प्रवेश पुजा र २०७७।०८।०५ गते भवन उद्धाटन गर्ने। नवनिर्मित भवनमा नगरपालिकाका संभव भएसम्म बढी शाखाहरु सार्ने र सो भवनमा नअटेका शाखाहरुलाई मिलेसम्म नगर सूचना केन्द्रको भवनमा सारी सेवा प्रवाहलाई एकिकृत

२. नगरपालिकाको चालु आर्थिक वर्षको बहुवर्षिय योजना अन्तर्गत वडा नं. ८, १० र १३ को कार्यालय भवनहरु निर्माणको लागि कुल रु. १ करोड ५० लाख मात्र बजेट विनियोजन भएकोमा प्राविधिकबाट कुल रकम रु. ६ करोड ५५ लाख ९७ हजार ६८ पैसा ९० मात्र (भ्याट बाहेक) लागत अनुमान

पेश भएको हुँदा नपुग हुन आउने कुल रकम रु. ५ करोड ५ लाख ९७ हजार ६८ पैसा ९० मात्र को सुनिश्चितताको लागि योजना शाखाबाट प्रस्ताव पेश भएकोमा वडा नं. ८ ले भवन निर्माणको लागि छुट्याएको रु.२००००००।०० समेत सोही शिर्षकमा थप गरी बहुबर्षीय योजनाको रुपमा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम निर्माण कार्यको खरिद प्रकृया अगाडि बढाउने र सो कार्यको लागि लागत अनुमान बमोजिम नपुग हुन आउने रकम गत आर्थिक वर्षको बजेट अ.ल्या.बाट ब्यहोर्ने र सोबाट नपुग भएमा आगामी वर्षमा श्रोत व्यवस्था गर्ने ।

३. नगरपालिका भित्र नक्शा पासको मापदण्ड लागू हुनु भन्दा पहिले निर्माण भएका घरहरु वडा कार्यालयबाट प्राप्त सिफारिसको आधारमा सम्बन्धित घरधनीलाई कबुलियनामा गराई अभिलेखिकरण गर्ने । अभिलेखिकरण गर्ने कार्य चालु आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्नुपर्ने।

४. काठमाडौ महानगरपालिका र यस मेलम्ची नगरपालिकावीच भगिनी सम्बन्ध कायम गर्ने यस नगरपालिकाको अनुरोध बमोजिम दुइ नगरवीच भगिनी सम्वन्ध कायम गर्ने निर्णय गरेकोमा काठमाडौ महानगरपालिकालाई धन्यबाद दिंदै सम्झौताको मिति तय गर्नका लागि पत्राचार गर्ने।

५. ईलाका प्रहरी कार्यालय, मेलम्चीको कार्यालय भवन रङ रोगन गर्नको लागि रु. १ लाख ४४ हजार ५ सय (मिस्त्री ज्याला समेत) अनुमानित लागत सहित अनुरोध भएकोमा स्वीकृत बजेटको **नगर सुरक्षा कार्यक्रम** शिर्षकबाट लागत बमोजिमको खर्च भुक्तानी दिने ।

६. नेपाल पत्रकार महासंघ जिल्ला शाखा सिन्धुपाल्चोकबाट सुचना केन्द्र स्थापना गर्नको लागि रु. ३ लाख सहयोगको लागि प्रस्ताव पेश गरिएकोमा स्वीकृत बजेटको **विविध सार्वजनिक निर्माण** शिर्षकबाट रु.१५००००।०० (एकलाख पचास हजार मात्र) उपलव्ध गराउने।

७. मेलम्ची नगरपालिका वडा नं. ४ मा पर्ने मेलम्ची खानेपानी आयोजनाको १९ नं. डम्पिङ साइटलाई फुटवल मैदान बनाउन लागत स्टमेट अनुसारको रकम रु. ६,९३,६९१।६३ उपलब्ध गराउन सुदर्शन खनाल समेतको निवेदन माग सम्बन्धमा उक्त फुटबल मैदान बनाउन मेलम्ची खानेपानी आयोजनाबाट समेत पटकपटक बजेटको व्यवस्था भएकोले मेलम्ची खानेपानी आयोजनालाई पत्राचार गरी जवाफ प्राप्त भएपछि अर्को बैठकमा पेश गर्ने।

८. महिला आत्मनिर्भरता केन्द्र मेलम्ची -११ सिन्धुपाल्चोकबाट संरक्षण गृह संचालनको लागि रु ४,९०,८४५ ( चार लाख नब्बेहजार आठसय पचास ) रकम सहयोगको लागि प्रस्ताव पेश भएको सम्बन्धमा महिला तथा बालबालिका शिर्षकको लक्षित वर्ग अन्तर्गत **मागमा आधारित(महिला अपाङ्गता बालबालिका जेष्ठ नागरिक) कार्यक्रम** शिर्षकमा छुट्याइएको बजेटबाट रु ४०००००।०० मात्र र प्रदेशबाट प्राप्त बजेटबाट विशेष निर्णय गरी थप बजेट व्यवस्था गर्ने।

९. मेलम्ची नगरपालिका वडा नं. १० मा पर्ने बुकुने दलित बस्ती जाने मोटर बाटो मर्मत तथा स्तरोन्नति गर्न स्वीकृत बजेटको विविध सार्वजनिक निर्माण शिर्षकबाट रु. १०,००,०००।०० रकम उपलब्ध गराउने।

१०. न्यायिक समितिको रोहवरमा भएको निर्णय कार्यान्वयन गराईदिने सम्बन्धमा फैसला कार्यान्वयनको लागि वादी प्रतिवादीको घर ठेगाना रहेको वडा कार्यालय र प्रहरी कार्यालयलाई पत्राचार गर्ने साथै निर्णय अटेर गर्ने वादी वा प्रतिवादीलाई वडा कार्यालयबाट प्रवाह हुने सेवामा रोक लगाउन सक्ने ।

११. मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा शब राख्ने स्थान तथा शब बाहनको अभाव भएकोले बाग्मती प्रदेश सरकारसँग शव बाहन एम्बुलेन्स वा शब गृह मध्ये कुनै एक माग गरी पत्राचार गर्ने ।

१२. पछिल्लो समयमा यस नगरपालिकाका विभिन्न क्षेत्रहरुमा कोभिड १९ को जोखिम बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै वडाहरुबाट जोखिम नियन्त्रणका कार्यक्रम सहित थप बजेट माग भइ आएमा बजेट उपलब्ध गराउने ।

१३. मेलम्ची नगरपालिका वडा नं. ९ स्थित जनता मा.वि. बाट एसईई उर्तिण गरेकी मानबहादुर तामाङको छोरी लक्ष्मी तामाङको आर्थिक अवस्था कमजोर भएकोले अध्ययनको लागि आर्थिक सहयोग माग गरी निवेदन पेश भएको सम्बन्धमा यस्तै प्रकृतिको आर्थिक अवस्था कमजोर भएका विद्यार्थी अरुपनि हुनसक्ने हुनाले यस सम्वन्धमा मेलम्ची नगरपालिकाको छात्रवृत्ति कोष संचालन कार्यविधी बनाउने र उक्त कोषलाई दिगो र प्रभावकारी बनाउनको लागि विभिन्न संघसंस्थाहरुसँग समन्वय गर्ने।

१४. मेलम्ची नगरपालिका वडा नं. १२ स्थित जालपादेवी मा.वि. बाहुनेपाटीबाट कृषि प्राविधिक शिक्षा बाली विज्ञान विषयको प्राविधिक फिल्ड प्रयोगशाला र संरचना निर्माण गर्न करिव ५० रोपनी खाली जग्गा हस्तान्तरण सम्बन्धी सिफारिस माग भएको सम्बन्धमा माग बमोजिम सम्बन्धित निकायलाई सिफारिस दिने।

१५. नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अस्थायी प्रकृतिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ती सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने।

१६. मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको लागि नगर स्तरीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७७ पारित गर्ने।

१७. मेलम्ची नगरपालिकाको अटो तथा ई-रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७ दररेट निर्धारण गरी पारित गर्ने।

१८. नगरपालिकाको तालिम तथा बैठक सम्बन्धी कार्यविधि, २०७७ पुनः छलफल गरी पेश गर्ने।

१९. नगरपालिकाको नगर प्रहरी छनौट सम्बन्धी कार्यविधि, २०७७ पुनः छलफल गरी पेश गर्ने।

२०. वागमती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत महिला बालबालिका संरक्षण गृह-सेफ हाउस भवन निर्माण शिर्षकमा विनियोजित रकमबाट तग वर्षदेखि संरक्षण गृह प्रयोजनको लागि निर्माणाधिन महिला आत्म निर्भरता केन्द्र भवन निर्माण समिति मार्फत नै निर्माण अनुमतिको लागि सो संस्थाबाट अनुरोध भइ आएबमोजिम भवन निर्माण समिति मार्फत निर्माण कार्य अगाडि बढाउन अनुमति दिने।

२१. नगर सभाबाट स्वीकृत संगठन संरचना बमोजिम मेलम्ची नगरपालिका र अन्तर्गत वडा कार्यालयमा रिक्त रहेका देहायका दरवन्दी पूर्तिको लागि वागमती प्रदेश लोक सेवा आयोगमा माग फाराम पठाउने।

| क्र.सं. | रिक्त पद नाम | सेवा समूह | तह | पद संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत | रिक्त | |
| १ | वरिष्ठ इन्जिनियर | इन्जनियरिङ्ग | अधिकृत सातौं | १ | १ | |
| २ | आन्तरिक लेखा परिक्षण अधिकृत | लेखापरिक्षण | अधिकृत छैटौं | १ | १ | |
| ३ | प्रशासन अधिकृत | प्रशासन, सा.प्र. | अधिकृत छैटौं | ४ | १ | |
| ४ | वातावरण अधिकृत | विविध | अधिकृत छैटौं | १ | १ | |
| ५ | कानून सहायक | न्याय, कानून | सहायक पाँचौ | १ | १ | |
| ६ | लेखापाल | प्रशासन, लेखा | सहायक पाँचौ | १ | १ | |
| ७ | प्रशासन सहायक | प्रशासन, सा.प्र. | सहायक पाँचौ | २० | ८ | |
| ८ | प्रशासन सहायक | प्रशासन, सा.प्र. | सहायक चौथो | २१ | ५ | |

२०७७।७।२५